गुरांस गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गनीमत्ता, दैलेख
कर्णाली प्रदेश, नेपाल ।

प.सं.: ०७८ ०७९(रोजगार सेवा केन्द्र)
च.नं. :

गुरांस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गनीमत्ता, दैलेख २०७३

मिति:- २०७८ ११ ०८

## सुचना ! सुचना ! ! सुचना ! ! !

## न्युनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिनेवारे सूचना ।

रोजगारीको हक सम्बन्धि ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धि नियमावली २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा १८ बमोजिम आ.व. २०७९।०८० का लागि स्थानिय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिने न्युनतम रोजगारीमा संलग्न हुन इच्छुक बेरोजगार व्यक्तिहरुले २०७८।११।३० सम्म आफुले स्थायि बसोबास गरेको यस गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन निवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएकोछ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को अनुसूची १ बमोजिम वडा कार्यालयमा पाउन सकिने छ ।

साथै यस सम्बन्धि अन्य विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु :

१. निवेदकको नागरिकताको स्पष्ट देखिने प्रतिलिपि ।
२.फोन नं., वार्षिक पारिवारिक आय र काम गर्ने समय अनिवार्य रुपमा भर्नुपर्नेछ ।
३.फारममा भएको पारिवारिक विववरणमा निवेदक सहित परिवारका सम्पुर्ण सदस्यहरुको नाम, जन्ममिति, नागरिकता नं. जारि मिति, जारि जिल्ला , शैक्षिक योग्यता, सिप, रोजगारीको अवस्था आदि विवरण अनिवार्य भर्नुपर्नेछ ।
४. परिवारका कुनै सदस्यले सामाजिक सुरक्षा भत्ता तथा अन्य (पेन्सन) कुनै सेवासुविधा पाएको विवरण अनिवार्य रुपमा भर्नु पर्नेछ ।
५.साथै निवेदक कुनै रोजगारीमा संलग्न नभएको हुनुपर्नेछ ।
६. उमेर १८ देखि ५९ वर्ष सम्मको हुनुपर्नेछ ।
७. निवेदन फारम वडा अध्यक्षबाट अनिवार्य प्रमाणित हुनुपर्नेछ ।

*नोट : माथि उल्लेखित विवरण अपुर्ण भएमा फारम रद्द गरिनेछ ।*

०७८।११।८

दिपक कुमार आचार्य
प्रमुख प्रशासकीय अधिकृत

मोहन प्रसाद पौड्याल
रोजगार संयोजक

Scanned with CamScanner